# लागू औषध दुर्व्यसन नियन्त्रण कार्ययोजना २०७७, रसुवा

| क्र.स | कार्यविवरण | जिम्मेवार निकाय | सहयोगी निकाय | समयसीमा | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| **क. सचेतना अभिवृद्धि सम्बन्धि क्रियाकलाप** | | | | | |
| १ | लागू औषध अपराध नियन्त्रण सम्बन्धी तर्जुमा भएका कानूनी तथा नीतिगत व्यवस्थाहरु, लागू पदार्थ सेवनबाट हुने व्यक्तिगत समस्या, सामाजिक र आर्थिक रुपमा हुने क्षति, दुर्व्यसनको लक्षण, प्रभाव र जोगिने उपायहरुका वारेमा जानकारी तथा यस कार्यमा समुदायको भुमिका विषयमा विद्यालयस्तरमा सामाजिक अपराध न्यूनीकरणका लागि जिल्ला प्रशासन कार्यालय/शिक्षा विकास तथा समन्वय इकाइबाट तोकिएका सबै माध्यमिक विद्यालय (२३ वटै) का माध्यमिक तहमा सामाजिक विषय अध्यापन गर्ने शिक्षकहरु (focal teacher) को क्षमता विकास गरी विद्यार्थी परिचालन मार्फत student outreach Program सञ्चालन गरी समुदाय सचेतना अभिवृद्धि गर्ने । त्यसैगरी आमा समूह, बाल क्वल, युवा क्लव, महिला समूह लगायतलाई परिचालन गरी सचेतना अभिवृद्धि सम्बन्धी कार्यक्रम संचालन गर्ने। | विद्यालय (सामाजिक अपराध न्यूनिकरण सम्पर्क शिक्षक) गैर सरकारी सैस्थाहरु | - जिल्ला प्रशासन कार्यालय<br>- जिल्ला प्रहरी कार्यालय<br>- शसस्त्र प्रहरी वल<br>- शिक्षा विकास तथा समन्वय इकाइ<br>- नागरिक समाज | २०७७ मंसिर महिनादेखि निरन्तर | कानूनी व्यवस्थाका बारेमा स्थानीय नागरिकहरु जानकार हुने। |
| २ | लागू औषध अपराध नियन्त्रण सम्बन्धी समुदाय स्तरमा विभिन्न कार्यक्रमहरु गर्न जिल्ला प्रशासन कार्यालयमा दर्ता भएका सक्रिय गैर सरकारी संघ संस्थाहरुलाई पत्राचार गरी अनुरोध गर्ने। | जिल्ला प्रशासन कार्यालय | स्थानीय तह, सक्रिय गैर सरकारी संघ/ सस्थाहरु | २०७७ मंसिर मसान्त भित्र | संघ संस्थाहरुबाट समेत सचेतनामूलक कार्यक्रम हुने। |
| ३ | लागू औषध सेवन बाट पर्ने असर तथा उत्पादन र ओसारपसार गर्दा हुने दण्ड सजायका वारेमा जानकारी दिनका लागि जिल्ला सदरमुकाम धुन्चे वजार तथा मुख्य वजार क्षेत्रहरु टिमुरे, स्याफ्रुबेशी, कालिकास्थान, बेत्रावती, चिलिमे र पारच्याङ मा सडक नाटक, सांगितिक कार्यक्रमहरु प्रदर्शन/सञ्चालन गर्ने। | जिल्ला प्रशासन कार्यालय | - जिल्ला प्रहरी कार्यालय,उपचार पुनस्थापना केन्द्र<br>- लैङ्गिक हिंसा नियन्त्रण जिल्ला | २०७७ चैत्र मसान्त भित्र | लागु औषधजन्य अपराध न्यूनीकरण हुने। |

| क्र.स | कार्यविवरण | जिम्मेवार निकाय | सहयोगी निकाय | समयसीमा | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| | | | सञ्जाल<br>- संघ संस्थाहरु | | |
| ४ | सबै गाँउपालिकाहरुलाई लागु औषध दुर्व्यसन नियन्त्रण सम्बन्धी कार्ययोजना बनाई कार्यान्वयन गर्न सहजीकरण गर्ने। | जिल्ला प्रशासन कार्यालय | - स्थानीय तह | २०७७ मंसिर मसान्त भित्र | स्थानीयस्तरमा लागू पदार्थ दुर्व्यसन नियन्त्रणमा सहयोग पुग्ने। |
| ५ | लागू औषध अपराध नियन्त्रण सम्बन्धमा स्थानीय सञ्चार माध्यम मार्फत सचेतनामूलक सन्देश प्रशारण गर्ने। | जिल्ला प्रशासन कार्यालय | - सञ्चार माध्यम | २०७७ फाल्गुन पहिलो हप्ता भित्र | लागू औषधजन्य अपराध न्यूनीकरण हुने। |
| ६ | लागू औषध अपराध नियन्त्रण सम्बन्धी सचेतनाका लागि विभिन्न कार्यक्रमहरु सञ्चालन गर्न स्थानीय तहहरुलाइ अनुरोध गर्ने। | जिल्ला प्रशासन कार्यालय | - स्थानीय तह | २०७७ माघ मसान्त भित्र | |
| ७ | जिल्ला प्रशासन कार्यालयमा रहेको Digital Citizen Charter मार्फत लागू औषध अपराध न्यूनीकरण सम्बन्धी सन्देश़मूलक Video प्रशारण गर्ने। | जिल्ला प्रशासन कार्यालय | | २०७७ माघ मसान्त देखि निरन्तर | सचेतना अभिवृद्वि हुने |
| ८ | पासाङल्हामु राजमार्गमा सञ्चालन हुने साना/ठूला मालवाहक तथा यात्रुवाहक सवारी साधनका चालकहरुलाइ लागू पदार्थ सेवनबाट हुने हानी, कानून अनुसार हुने दण्ड जरिवानाका बारेमा जानकारी गराउने। | - जिल्ला प्रहरी कार्यालय<br>- जिल्ला ट्राफिक प्रहरी | जिल्ला प्रशासन कार्यालय | २०७७ फाल्गुन पहिलो हप्ता देखि निरन्तर | लागू पदार्थ सेवन गरी सवारी सञ्चालन नहुने। |
| **ख. लागू औषधको स्रोत पहिचान तथा व्यवस्थापन** | | | | | |
| ९ | लागू पदार्थ सेवन तथा ओसारपसारमा संलग्न हुन सक्ने व्यक्तिहरुको पहिचान गरी निगरानी बढाउने। | जिल्ला प्रहरी कार्यालय<br>जिल्ला प्रशासन कार्यालय | राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय | निरन्तर | लागू पदार्थको ओसार पसार नहुने |
| १० | व्यवसायिक रुपमा घरेलु मदिरा उत्पादन गर्ने स्थान र व्यक्तिहरुको | जिल्ला प्रशासन कार्यालय | - जिल्ला प्रहरी | निरन्तर | सामाजिक अपराधमा |



नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय रसुवा

प्रसाद पन्त प्रमुख जिल्ला अधिकारी

| क्र.स | कार्यविवरण | जिम्मेवार निकाय | सहयोगी निकाय | समयसीमा | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| | विवरण अद्यावधिक गरी त्यस्ता कार्यहरु गर्न रोक लगाउने । | | कार्यालय<br>- स्थानीय तह<br>- नागरिक समाज | | न्यूनीकरण हुने |
| ११ | व्यवसायिक रुपमा गाँजा खेती भएको स्थानको वारेमा स्थानीय सुरक्षा इकाइहरु परिचालन गरी पहिचान गर्ने र स्थानीय तह तथा नागरिक समाजका प्रतिनिधिहरुको सहभागीतामा नष्ट गर्ने । | जिल्ला प्रहरी कार्यालय | - जिल्ला प्रशासन कार्यालय<br>- स्थानीय तह<br>- नागरिक समाज | निरन्तर | लागू पदार्थ (गाँजा) प्रयोग कर्ता घट्ने । |
| **ग. अनुगमन/निगरानी/चेकजाँच तथा नियन्त्रण र कानूनी कारवाही** | | | | | |
| १२ | लागू पदार्थ सेवनबाट हुने हानी नोक्सानी कानूनी दण्ड सजाय जरीवानाको बारेमा मुख्य बजार क्षेत्रमा जानकारीमूलक होडिङ बोर्ड/सूचना बोर्ड राख्ने । | - जिल्ला प्रहरी कार्यालय | - स्थानीय तह<br>- गैर सरकारी संस्थाहरु | २०७७ चैत्र मसान्त भित्र | सबैजनालाई जानकारी हुने । |
| १३ | रसुवागढी नाकामा परिचालन हुने एकीकृत सूचना संकलन संयन्त्र (Integrated Intelligence Network) को परिचालन गरी लागू औषध उत्पादन, प्रयोग तथा ओसारपसारका गतिविधिहरुको सूचना संकलन गरी नियन्त्रण गर्ने । | सबै सुरक्षा निकायहरु | - जिल्ला प्रशासन कार्यालय<br>- स्थानीय तह<br>- नागरिक समाज | निरन्तर | सीमा क्षेत्रमा हुने लागू औषध जन्य अपराध न्यूनिकरण हुने । |
| १४ | पासाङ्ल्हामु राजमार्गका विभिन्न शंकास्पद स्थानहरु, मुख्य बजार स्थलहरुमा लागू पदार्थ विक्रि वितरण तथा सेवन हुनसक्ने भएकोले नियमित तथा आकस्मिक चेकजाँच गर्ने । | जिल्ला प्रहरी कार्यालय<br>ट्राफिक प्रहरी कार्यालय | यातायात व्यावसायीको संघसंस्था | निरन्तर | |
| १५ | इजाजत लिएर मात्र मदिरा तथा सूर्तिजन्य पदार्थ विक्रि वितरण गर्ने वातावरण सिर्जनाका लागि नियमित रुपमा बजार अनुगमन गर्ने । | जिल्ला प्रशासन कार्यालय | बजार अनुगमनसँग सम्वन्धित निकायहरु | चौमासिक रुपमा आवश्यकता अनुसार | इजाजत लिएर मात्र मदिरा व्यवसाय सञ्चालन हुने । |
| १६ | सार्वजानिक स्थलहरुमा धुम्रपान तथा मद्यपान सेवन गर्न नदिने | जिल्ला प्रहरी कार्यालय | नागरिक समाज | निरन्तर | समाज सभ्य तथा सदाचारी हुने । |
| १७ | मादक पदार्थ सेवन गरी सवारी सञ्चालन हुन नदिनका लागि नियमित तथा आकस्मिक रुपमा मापसे जाँच गर्ने । | जिल्ला प्रहरी कार्यालय<br>जिल्ला ट्राफिक प्रहरी | यातायात व्यावसायीको संघ | निरन्तर | सवारी दुर्घटना न्यूनीकरण हुने । |



हरि प्रसाद पन्त
प्रमुख जिल्ला अधिकारी

| क्र.स | कार्यविवरण | जिम्मेवार निकाय | सहयोगी निकाय | समयसीमा | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| | | कार्यालय | संस्था | | |
| १८ | मदिरा तथा मदिराजन्य पदार्थहरु विक्री तथा प्रयोग गर्ने निश्चित समय निर्धारण गरी कार्यान्वयन गर्ने कार्यमा व्यापारी, व्यवसायीहरुलाई अनुरोध गर्ने साथै यस कार्यमा स्थानीय तहहरुसँग समेत समन्वय गर्ने। | जिल्ला प्रशासन कार्यालय | स्थानीय तह/जिल्ला प्रहरी कार्यालय | २०७७ असोज मसान्त भित्र | मदिरा प्रयोग व्यवस्थित हुने। |
| १९ | न्यून गुणस्तरका मदिरा सेवनबाट मानवीय क्षति भैरहेको जानकारी प्राप्त भएकोमा वजार अनुगमन गर्दा उक्त मदिरामा आन्तरिक राजश्व विभागबाट अन्तशुल्क स्टीकर समेत टाँस भएको पाइएकोले विक्री वितरणमा रोक लगाउन कठिनाइ भएको हुँदा कमजोर गुणस्तरका मदिराहरुमा अन्तशुल्क स्टीकर टाँस नगर्नका लागि आवश्यक समन्वय हुन गृह मन्त्रालयलाइ अनुरोध गर्ने। | जिल्ला प्रशासन कार्यालय | | २०७७ माघ मसान्त भित्र | मदिरा सेवनबाट हुने मानवीय क्षति न्यनिकरण गर्ने। |
| २० | प्राकृतिक रुपमा आफै उम्रेका गाँजाको बोटहरु फडानी गर्ने। | जिल्ला प्रहरी कार्यालय र मातहतका प्रहरी चौकीहरु (सबै) | जिल्ला प्रशासन कार्यालय | भाद्र महिना भित्र | लागू औषध गाँजा सेवन नियन्त्रण हुने। |

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रसुवा

हरि प्रसाद पन्त
प्रमुख जिल्ला अधिकारी